जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाइँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाह्नु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १७३ पृष्ठः ४ | २०८२ कार्तिक १३ बिहीबार (Thursday 30 Oct. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

कमलामा १४ वर्षदेखि पुल अलपत्र, काठेपुल तरेबापत २० रुपैयाँ शुल्क

सिरहा, १३ कार्तिक। हुलाकी राजमार्गअन्तर्गत सिराहा र धनुषालाई जोड्ने कमला नदीमा पुल निर्माण सुरु भएको १४ वर्ष बितिसक्दा पनि काम अलपत्र छ। पुल नबन्दा सिराहा र धनुषावासी नदी तर्नका लागि स्थानीय युवाको सक्रियतामा बनाइएको कामचलाउ काठेपुलको सहारा लिन बाध्य छन्। यही काठे पुल तरेबापत स्थानीयले प्रतिव्यक्ति रु २० शुल्क तिर्नुपरेको छ।

विगतमा रु एक सयसम्म शुल्क लिने गरेकामा पछि सिराहा नगरपालिकाको समन्वयमा रु २० कायम गरिएको नगरका प्रशासकीय अधिकृत बलिराम यादवले जानकारी दिए। उनले भने, 'नगरले कुनै प्रकारको बोलपत्र निकालेर ठेक्का दिएको होइन। यहाँका स्थानीय युवाको पहलमा आवतजावतका लागि सहज होस् भन्ने उद्देश्यले काठको पुल बनाइएको हो। त्यसमा मर्मत खर्चस्वरुप रु २० लिने व्यवस्थाका लागि समन्वय र सहयोग गरेका हौं।'

यसरी शुल्क असुली गरिएकामा स्थानीयले भने गुनासो गरेका छन्। दैनिक लाखौं रुपैयाँ असुल भएको बताउँदै स्थानीय दिनेश यादवले भने, 'कमला नदीमा काठको पुल बनाएर जनताबाट कुनै किसिमको असुली वा शुल्क लिने अधिकार नगरपालिका वा कोही व्यक्तिलाई पनि छैन। यस्तो किसिमको असुली गैरकानुनी र नेपालको संविधानविरुद्ध हो। सङ्कलन भएको रकमको पारदर्शिता कायम गर्नुका साथै जनतालाई सहज हुनेगरी नगरले आवतजावत निःशुल्क गर्नुपर्दछ।'

हरेक वर्ष वर्षा सुरु भएसँगै नदीमा आउने बाढीले काठको पुल बगाउने र नदीको बहाव घटेपछि पुनर्निर्माण गर्ने नियति दोहोरिरहेको छ। वर्षायाममा काठे पुल बगाएमा डुङ्गाको जोखिमपूर्ण यात्रा गर्नुपर्ने बाध्यता रहेको यादवले बताए। सिराहा-६ का वडाध्यक्ष इन्द्रजित यादवले स्थानीयले वर्षौंदेखि यही समस्या भोग्नुपरेको बताए। 'पुल नहुँदा सिराहा, धनुषा र सप्तरीका स्थानीयलाई प्रदेश राजधानी जनकपुर आवतजावत गर्न भारतीय बजार जयनगर वा जोखिमपूर्ण डुङ्गाको यात्रा गर्नुपर्ने वा आधा घण्टाको बाटोलाई मिर्चैया, ढल्केवर हुँदै करिब तीन

-बाँकी दुई पेजमा

झुम्का कारागारबाट फरार कैदी सप्तरीमा पक्राउ

विनय कर्ण

सप्तरी, १२ कार्तिक। जेनजीको आन्दोलनको क्रममा सुनसरीको झुम्का कारागारबाट फरार एक कैदी सप्तरीमा पक्राउ परेका छन्। जिल्लाको कञ्चनरूप नगरपालिका वडा नम्बर ३ स्थित बरमझियाको एक पसलबाट पैसा राख्ने गल्ला चोरी गरेर भाग्दै क्रममा सोही ठाउँका वडा नम्बर १० घर भएका २३ वर्षीय विजय खडका पक्राउ परेका हुन्।

बरमझियामा डोमी प्रसाद साहले सञ्चालन गरेको पेडा पसलबाट बुधबार बिहान करिब ६ बजे पैसा राख्ने गल्ला चोरी गरी भाग्ने क्रममा स्थानीयले देखेपछि घटनाको जानकारी इलाका प्रहरी कार्यालय कञ्चनपुरलाई दिएका थिए। त्यसपछि प्रहरी टोलीले खड्कालाई पक्राउ गरेको र अनुसन्धानका क्रममा खड्का सुनसरीस्थित झुम्का कारागारबाट फरार भएको खुलेको इलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेले

-बाँकी तीन पेजमा

प्रथम धनगढीमाई टि-२० प्रतियोगिता सुरु

सिरहा, १२ कार्तिक। खेलकुदको विकास र युवा प्रतिभाको पहिचान गर्ने उद्देश्यका साथ सिरहाको धनगढीमाईमा आजदेखि 'प्रथम धनगढीमाई टि-२० क्रिकेट प्रतियोगिता' सुरु भएको छ। वीर युवा क्रिकेट क्लबको आयोजनामा सुरु भएको उक्त प्रतियोगितामा नगरभित्रका १० वटा टोलीले प्रतिस्पर्धा गर्नेछन्।

आयोजक क्लबका अध्यक्ष वरिन्द्रकुमार यादवले मधेस क्रिकेटका लागि उर्वरभूमि भएको उल्लेख गर्दै प्रतियोगिताले लुकेर रहेका खेलाडीको प्रतिभा उजागर गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे। उनले भने, 'यहाँ क्षमता भएर पनि ओझेलमा परेका खेलाडीहरूलाई यो मञ्चले आफ्नो खेल प्रदर्शन गर्ने अवसर प्रदान गर्नेछ।' खेलकुद क्षेत्रको विकास र युवाहरूको क्षमता पहिचान गर्न तथा उनीहरूलाई सही बाटोमा डोहोऱ्याउन यो कार्यले महत्त्वपूर्ण सहयोग पुग्ने नगरप्रमुख शिवशङ्कर महता बताए। उनले स्थानीयस्तरमा यस्ता

-बाँकी तीन पेजमा

GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

निमोनियाबाट बचौं र बचाऔं।

निमोनिया संक्रमणका लक्षणहरु:

- ज्वरो आउने, खोकी लाग्ने,
- स्वासप्रश्वासको गति बढ्ने, स्वास फेर्न गाहो हुने,
- स-साना बालबालिकालाई आमाको दुध चुस्न गाह्रो हुने,
- शरीर निलो हुने जस्ता लक्षण देखा पर्न सक्छन्।

बालबालिकालाई निमोनियाबाट बचाउन:

- नियमित रुपमा लगाईने खोपहरु लगाऔं,
- आमाको दुधका साथै पोषणयुक्त थप आहार खुवाऔं,
- धुलो, धुवाँ, चिसो तथा प्रदुषणबाट बचाऔं।
- सरसफाईमा उचित ध्यान दिऔं।
- संक्रमण भएमा चिकित्सकसँग परामर्श गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

नीतिले मात्र 'प्रतिस्पर्धी र व्यावसायिक' होला र ?

सार्वजनिक संस्थानहरूको औचित्य र उपादेयताअनुसार खारेज गर्ने, निजीकरण गर्ने वा व्यवस्थापन करारमार्फत् सञ्चालन गर्ने समयसापेक्ष नीति अवलम्बन गर्नुपर्नेमा सरकारले फेरि एकपटक 'सार्वजनिक संस्थानको व्यवस्थापन तथा सुशासन नीति, २०८२' का नाममा नयाँ प्रयोग गर्न खोजेको छ। नयाँ नीतिको मूल उद्देश्य सरकारमातहतका संस्थानहरूलाई सरकारी स्वामित्वका कम्पनी बनाउने देखिन्छ। नयाँ नीतिको उद्देश्य सरकारी स्वामित्वका संस्थानलाई प्रतिस्पर्धी र व्यावसायिक बनाउने रहेको छ।

उदार अर्थनीति अपनाउनुभन्दा दशकौं पहिले जनजीवनका लगभग सबै क्षेत्र ढाक्नेगरी राज्यलाई व्यापक बनाइएको थियो। विशेषगरी कम्युनिस्ट शासन व्यवस्था भएका देशमा जनजीवनको सबै पक्षमा राज्यको भूमिका हुनेगर्थ्यो। त्यही पद्धतिको सिको गर्दै भारत, नेपाललगायत तेस्रो विश्वका धेरै देशले उद्योग र व्यापारमा समेत तत्कालीन शासनलाई सहज हुनेगरी हात हाले। नेपालका अधिकांश सार्वजनिक संस्थान त्यही समयमा जन्माइएका हुन्।

सन् १९८० को उत्तरार्धतिरबाटै विश्वमा आर्थिक उदारीकरणको सङ्केत देखिन थालेको थियो। सन् १९९० को दशकको आरम्भमै लोकतन्त्रको लहरले खुला बजार र आर्थिक उदारीकरणलाई पनि व्यापक बनायो। यही क्रममा दुनियाँका धेरै मुलुकले सार्वजनिक सेवाका केही क्षेत्रबाहेक व्यापार र उद्योगबाट हात झिके। सार्वजनिक संस्थानहरूको व्यापक निजीकरण गरियो। नेपालमा पनि उत्पादन र व्यापारमा संलग्न केही संस्थानहरू निजीकरण गरिएका थिए।

राज्यको भूमिका कुन क्षेत्रमा बढी केन्द्रित गर्ने र कुन क्षेत्रमा राज्य नियमनमा सीमित हुने भन्ने विषयमा भने विश्वभरजस्तै नेपालमा पनि विवाद कायमै छ। तर, निजीकरणका क्रममा भएका प्रक्रियागत त्रुटि, आर्थिक अपचलनको सन्देह र कतिपय उद्योग बन्द गरिएको कारण देखाएर नेपालमा 'निजीकरण' शब्दकै अर्थ बदलिने गरी 'बदनाम' गरियो। सम्भवतः यही कारणले पछिल्ला कुनै पनि सरकारहरूले 'सेता हात्ती' साबित भइसकेका संस्थानहरू बन्द गर्नुपर्छ भन्ने आँट गरेनन्।

अझ कम्युनिस्टहरूले सरकारको वा अर्थमन्त्रालयको नेतृत्व गरेका समयमा त औचित्य नै नभएका रुग्ण संस्थानहरू पुनः सञ्चालन गर्न बजेटसमेत विनियोजन गरे। त्यसरी विनियोजित बजेट मूलतः निवेदनका भरमा संस्थानमा भर्ना भएका र आन्दोलनबाट स्थायी हुन पुगेका राजनीतिक नेताका कृपापात्रहरूको भरणपोषणमा खर्च हुने गर्छ। अहिलेसम्म सरकारले प्रतिफल नदिने संस्थानका कर्मचारी पाल्नैका लागि राज्यको ढुकुटीबाट गरेको खर्च बालुवामा पानी हालेजस्तै सोसिएको देखिन्छ।

राज्यले सार्वजनिक संस्थानमा मूलतः कर्मचारी पाल्नैका लागि गत आर्थिक वर्षसम्ममा सात खर्बभन्दा बढी जनताको शिक्षा र स्वास्थ्यमा वा भौतिक निर्माणका योजनामा खर्च गर्न सकिने रकम 'अपव्यय' गरिसकेको छ। संस्थानलाई शासकहरूले दुहुनो गाई बनाउने संस्कार रहँदासम्म यो क्रम रोकिने देखिँदैन। देशमा सार्वजनिक क्षेत्रबाट सञ्चलित ४५ वटा संस्थानमध्ये आधा जति सरकारको पूर्ण स्वामित्वका बाँकी आंशिक स्वामित्वका छन् ।

यस्तो अवस्थामा अहिलेकै जनशक्ति र व्यवस्थापन शैली कायम राखेर सार्वजनिक संस्थानहरूलाई 'प्रतिस्पर्धी र व्यावसायिक बनाउने' भन्नु सस्तो प्रहसनमात्र ध्वनित हुन्छ। यद्यपि, संस्थानहरूलाई 'रणनीतिक र व्यावसायिक' वर्गीकरण गरेर व्यावसायिक संस्थानहरूलाई सत्ताधरीले 'चारो हाल्न र दुहुन' छाड्ने हो बिस्तारै राज्यकै स्वामित्वमा राखेर पनि व्यवस्थापन निजी क्षेत्रलाई दिने बाटो खुल्नेछ। राज्यको काम व्यापार गर्ने वा कारखाना चलाउने होइन।

कमलामा १४ वर्षदेखि ...

घण्टा लगाएर यात्रा गर्नुपर्ने बाध्यता छ', उनले भने।

विसं २०६८ मा तीन वर्षभित्र पुल सम्पन्न गर्ने सम्झौता भए पनि पटक पटक म्याद थप गरिँदा पनि ठेकेदारको लापरबाहीका कारण अलपत्र परेको वडाध्यक्ष यादवले जानकारी दिए। 'पहिले 'पप्पु कन्स्ट्रक्सन'ले अलपत्र पारेपछि कालोसूचीमा पऱ्यो। बाँकी काम 'लुम्बिनी बिल्डर्स'ले लिएको थियो। काम पूरा हुन लागेको अवस्थामा करिब चार वर्षअघि आएको बाढीले पुल भासिएपछि निर्माण अनिश्चित बनेको छ। विसं २०८२ असारसम्मको अन्तिम म्याद पनि गुज्रिसकेको छ', उनले भने। तराई मधेसको 'लाइफ लाइन'का रूपमा रहेको उक्त पुल निर्माणमा ढिलाइ मात्र भएको छैन, भविष्यमा पुल बन्ने र नबन्ने अनिश्चितताले स्थानीय नागरिकमा निराशा पैदा गरेको छ।

जेनजी आन्दोलन र वामपन्थी ध्रुवीकरण

हरिबोल गजुरेल

पृष्ठभूमि

जेनजी आन्दोलन विशेषतः युवाहरूको निराशाबाट उत्पन्न, मूलतः क्रान्तिकारी आक्रोशको विस्फोट हो। जब क्रान्तिपछि निर्मित नयाँ संविधानले जनताको आकांक्षा पूरा गर्न सक्दैन, जन असन्तोष भूसको आगो जस्तै फैलिन्छ । यसर्थमा हामी आफैतिर फर्कनुपर्छ। जेनजी आन्दोलनलाई भू-राजनीतिक चलखेलको रूपमा मात्र बुझ्न जरुरी छैन। अन्तर्राष्ट्रिय आयामविनाको राष्ट्रिय स्वरूपको आन्दोलन न हिजो सम्भव थियो, न भोलि सम्भव हुनेवाला छ। जनअसन्तोष र जन-आक्रोशलाई उपयोग गर्न देशी-विदेशी शक्तिकेन्द्रहरूको डिजाइन र आशीर्वादमा नयाँ-नयाँ रूपका यथास्थितिवादी र पश्चगामी शक्तिहरू राजनीतिक रङ्गमञ्चमा प्रवेश गर्छन्। र, गरिरहेका छन्। नेपालमा पनि त्यही घटना दोहोरियो —कम्युनिस्टहरूको दुई-तिहाइ बहुमतपछिको "ताण्डव नृत्य"(दुई-दुई पटक संसद विघटन) ले जन्माएको निरासाले यस्तै प्रवृत्तिका लागि मलिलो भूमि तयार गरिदियो। जेनजीहरुको कति ढंग पुग्यो/पुगेन समीक्षा हुँदै जालान्न धैर्यताको बाँध टुटेपछि सचेत राजनीतिक पार्टीले गर्नुपर्ने काम उनीहरूले गरेका हुन्। यस अर्थमा हामी आत्मालोचित हुन जरुरी छ।

नेपालको राजनीति पुनः नयाँ ुवीकरणको चरणमा प्रवेश गरेको छ। जेनजी आन्दोलनले स्थिर देखिएको राजनीतिक सतहलाई हलचलमा पारेको छ। ध्रुवीकरणलाई आफ्नै वर्ग दृष्टिकोण र राजनीतिक चिन्तनअनुसार आकार दिन पश्चगामी, यथास्थितिवादी, सुधारवादी र अग्रगामी शक्तिहरू सक्रिय छन्। सामाजिक ध्रुवीकरणको प्रभाव हरेक राजनीतिक पार्टीभित्र स्पष्ट देखिन्छ, जहाँ बहस र विवाद जारी छन्। जुमर पुस्ताका विभिन्न प्रवृत्तिहरू आफ्नो स्पेसको खोजीमा छन्। उनीहरूलाई आकर्षित गर्न कांग्रेस-कम्युनिस्ट भन्दा पृथक मध्यमार्गी धार निर्माण गर्न कोसिस भएको देखिन्छ। पुराना वाम धारहरू पुनः सक्रिय भएका छन् र त्यहाँ नयाँ विचारहरूको प्रतिस्पर्धा सुरु भएको छ। यही पृष्ठभूमिमा नेपाली वाम राजनीतिमा ध्रुवीकरण र एकताको प्रयास भइरहेको छ। कम्युनिस्ट शक्तिभित्रका ढुलमुल प्रवृत्तिहरू 'स्वतन्त्र धार'का नाममा "राजनीतिक खिचडी" पकाउने प्रयासमा देखिन्छन्।

ऐतिहासिक सन्दर्भ

२०४६ को आन्दोलन र परिवर्तनपछिको 'वाम ुवीकरण' एउटा महत्वपूर्ण ऐतिहासिक घटना हो। त्यस वेला प्रचण्डको पहलमा माओ विचारधारालाई मार्गदर्शक सिद्धान्त मान्ने मशाल, चौम, सर्वहारा श्रमिक संगठन, विद्रोही मसाललगायत समूहबिच एकता भयो। उता, मदन भण्डारीको पहलमा मार्क्सवाद-लेनिनवादलाई मार्गदर्शक सिद्धान्त मान्ने माले, मार्क्सवादी र अन्य साना समूहबिच पनि एकता भएको थियो। यस प्रकारको ध्रुवीकरणले समाज परिवर्तनमा निर्णायक भूमिका खेल्यो । एमालेको नेतृत्वमा निर्वाचन मार्फत पहिलो कम्युनिस्ट सरकार र माओवादीको नेतृत्वमा जनयुद्ध मार्फत गणतन्त्र सम्भव भयो।

वर्तमान सन्दर्भ

अहिले भने वाम राजनीतिमा वैचारिक दिशाभ्रम, सत्ता केन्द्रित प्रतिस्पर्धा र संगठनात्मक अस्थिरता स्पष्ट देखिन्छ। जेनजी आन्दोलनले यही असन्तुलनलाई भत्काएको छ। एमालेलाई सत्ताच्यूत भएको पीडा छ यसले जेनजी आन्दोलनलाई अपराधीकरण गर्दै 'राष्ट्रवादको आवरणमा पश्चगामी शक्तिसँग आशक्ति देखाइरहेको छ। यद्यपि त्यहाँ परिवर्तनको पक्ष र विपक्षमा बहस चलिरहेको छ। एमालेभित्रको यो बहसमा वामपन्थी पक्ष हाबी हुने सम्भावनालाई नकार्न सकिन्न। माओवादी केन्द्र जेनजी आन्दोलनका सकारात्मक पक्षलाई आत्मसात् गर्दै सापेक्षिक समाजवादी शक्तिहरूलाई एकताबद्ध गर्दै समाजवादतर्फ देशलाई उन्मुख गराउने प्रयासमा छ। केही संकेत शुभ छन् ।

नयाँ शिराबाट ध्रुवीकरणको आवश्यकता

यसअर्थमा, आजको अवस्थामा नयाँ शिराबाट वाम ध्रुवीकरणको आवश्यकता तीव्र रूपमा पैदा भएको छ। केपी शर्मा ओलीको पश्चगामी विचार, चिन्तन र आचरणप्रति असहमत हुने सबै समाजवादी धारा, देशभक्त र परिवर्तनका पक्षधर शक्तिहरू एउटै ध्रुवमा एकताबद्ध हुनुपर्ने आवश्यकता इतिहासकै कठोर माग बनेको छ।

ध्रुवीकरण मनोविज्ञान हो, एकता शक्ति निर्माण हो। भेडा-भेडासँग, बाखा-बाखासँग जस्तै समान आस्था र मूल्यका शक्तिहरू एकत्रित हुनुपर्छ। यो कुनै साधारण गठबन्धन होइन— यो सामाजिक रूपान्तरणको प्रक्रिया हो। त्यसैले यसलाई व्यक्तिगत मोह, आशक्ति वा पदलालसाले होइन, सिद्धान्त र उद्देश्यको शुद्धतालेनै मार्ग निर्देश गर्नुपर्छ। विगतमा जस्तै स्वार्थ र असन्तुलनले प्रेरित ध्रुवीकरण र एकता अहिले घातक हुनेछ। किनभने अहिलेको अवस्थामा कम्युनिस्ट आन्दोलन नै जीवन-मरणको दोसाँधमा उभिएको छ ।

माओवादी केन्द्र, समाजवादी केन्द्र, नेकपा (सी), नेसपा लगायतका सापेक्षिक समाजवादी धारहरूबीचको सिद्धान्तगत ध्रुवीकरण र व्यावहारिक एकताले एमालेभित्र रहेको क्रान्तिकारी पक्षलाई पनि प्रेरित (आकर्षित) गर्नेछ। र, यसले वाम ध्रुवीकरणलाई नयाँ स्वरूप र तीव्रता प्रदान गर्नेछ। आ-आफ्नो पार्टीभित्र उठेको बहसलाई एकीकृत पार्टीभित्रको समग्र बहसको विषय बनाउन सकिन्छ। यतिखेर ध्रुवीकरण र एकताका- दुई कित्ता मध्ये कुन कित्तामा उभिने भन्ने प्रश्न हो। जेनजी आन्दोलनले फलाम तातेको छ, आकार दिऊँ। सल्लाह गर्दागर्दै सात गाउँ डुबेजस्तो नहोस्।

यो एकता मार्क्सवादका आधारभूत मान्यतामा टेकेको हुनुपर्छ। विचार, प्रवृत्ति र पद्धतिमा भिन्नता रहन सक्छ, तर त्यसलाई बहस अर्थात् वाद-प्रतिवाद र संवादको माध्यमबाट सुल्झाउँदै अघि बढ्नुपर्छ। अहिले ध्रुवीकरण र एकताको छनौटमा अलमलिएको मध्यमार्गी धार छुट्टै ठाउँ खोज्दैछ। इतिहासको त्यहीँ व्यक्तिगत फाइदा केन्द्रित हिसाबकिताब दोहोर्याउँदैछ। तत्काल यस धारबाट एकताको ठोस परिणामको सम्भावना न्यून हुँदै गइरहेको छ। यो मध्यमार्गी धारले एकतामा राम्रो भूमिका निर्वाह गर्ने अवसर गुमाउँदै गइरहेको छ।

ध्रुवीकरण र एकताको ऐतिहासिक नजिर

२०४७ सालको प्रचण्ड र मदन भण्डारीले पहल गरेको "वाम ध्रुवीकरण र एकता"लाई हामी सकारात्मक नजिरको रूपमा लिन सक्छौं, जसले आन्दोलनलाई उचाइमा पुऱ्यायो। र, नेपाल गणतन्त्रको आगमनसँगै पुँजीवादी क्रान्तिले पूर्णता प्राप्त गऱ्यो। २०६४/६५ सालमा नेकपा (माओवादी) पार्टी र नेकपा(एकता केन्द्र)सँग चुनावी सहकार्यको पृष्ठभूमिमा गरिएको पार्टी एकता सैद्धान्तिक र प्रक्रियाका हिसाबले सही थियो, तर मनसाय वैज्ञानिक नहुँदा अन्तरघुलनको स्तर र तीव्रता जुन रूपमा व्यक्त हुनुपर्थ्यो, त्यो हुन सकेन। यसमा सम्बन्धित पक्ष आत्मालोचना हुनुपर्छ।

२०७४ सालको संसदीय निर्वाचनको पूर्व सन्ध्यामा एमाले-माओवादीबिचको वाम सहकार्य फलदायी भयो। तर आलो-पालो प्रधानमन्त्री हुने गोप्य लिखित सम्झौता गरेर अविश्वास र शंकाको पृष्ठभूमिमा निर्मित पार्टी एकता नकारात्मक साबित भयो — जसले अवसरवाद र सत्तालालसाको परिणाम कस्तो हुन्छ भन्ने स्पष्ट देखायो। यसर्थ ध्रुवीकरण र पार्टी एकता अगाडि बढाउँदा इतिहासका शिक्षा तर्फ ध्यान दिन आवश्यक देखिन्छ।

माओवादी धाराबिच एकता

संसदीय मोर्चाबाहिर रहेका साना कम्युनिस्ट दलहरू अहिले 'पर्ख र हेर'को मनोवृत्तिमा छन्। जडशुत्रवादी धारभित्र भने जेनजी आन्दोलनप्रति मिश्रित प्रतिक्रिया छ— कतै हर्ष, कतै विस्मय, कतै संशय। यही पृष्ठभूमिमा "माओवादी धारहरू फेरि एउटै छातामुनि आउनुपर्छ" भन्ने आवाज सार्वजनिक रूपमा उठ्न थालेको छ ।

तर यथार्थ के हो भने — माओवादीहरू विचारका कारण होइन, व्यवहार, संगठनात्मक पद्धति र नेतृत्त्वकेन्द्रित प्रवृत्तिका कारण विभाजित भएका हुन्। व्यक्तिपरक कारणले बनेका विभाजनहरूले पैदा गरेको इगो दीर्घकालीन एकतामा बाधक नै साबित हुने रहेछन्। विभाजितहरु अंश- अंशमा एकताबद्ध हुनु तर विभाजित प्रमुख नेताहरू अलग रहनु (प्रचण्ड, किरण र बाबुराम) लाई ठोस उदाहरण मान्न सकिन्छ।

तर पनि, अहिलेको तीव्र ध्रुवीकरणले यी विभिन्न धारहरूलाई कित्ता स्पष्ट गर्न र आफ्नो वास्तविक वर्गीय पहिचान पुनः परिभाषित गर्न बाध्य पार्नेछ। इतिहासले उनीहरूलाई पुनः एक ठोस निर्णयको चौतारीमा ल्याइरहेको छ। हामी आशा गरौँ— अन्ततः उनीहरूको रोजाइ अग्रगमन नै हुनेछ । व्यवहारबाट अलग सिद्धान्त र सिद्धान्तबाट अलग व्यवहार सम्बन्धी नेताहरूका तर्क सुन्न लायक त हुन्छन्, तर ती यथार्थ र सत्यसँग मेल खाँदैनन् । यसर्थ समयले सबै धाराहरूको रूपान्तरणको माग गर्दै छ। समय बलवान् हुन्छ भन्ने कुरा नभुलौँ।

निष्कर्ष

आजको वाम राजनीति निर्णायक मोडमा छ। ध्रुवीकरणले समाजवादी क्रान्तिको आधार तयार गर्छ कि गर्दैन भन्ने प्रश्नमा व्यापक संशय विद्यमान छ। किनकि "क्रान्तिकारी" भन्ने शब्द र "एकता" र "ध्रुवीकरण" भन्ने नारा मात्रले कसैलाई सच्चा कम्युनिस्ट प्रमाणित गर्दैन। सच्चा कम्युनिस्टको मापदण्ड वैज्ञानिक संश्लेषण अर्थात विचारलाई व्यवहारमा र व्यवहारलाई विचारमा रूपान्तरण गर्ने क्षमता हो। यसका लागि जनतालाई गोलबद्ध गर्न सक्ने स्पष्ट विचार, वैज्ञानिक नीति, कार्यशैली र नैतिक आचरण अपरिहार्य छन्।

तर आज आफूलाई क्रान्तिकारी ठान्नेहरू जनताको मन जित्ने ठोस कार्यमा सक्रिय देखिँदैनन्। बौद्धिक विलास, ओठे नाराहरू र व्यक्तिगत महत्वाकांक्षाले आन्दोलनको प्रगतिशील आत्मालाई कमजोर बनाइरहेका छन्। समाज परिवर्तन उपदेश र नाराले होइन, आचरण र दृष्टिकोणले सम्भव हुन्छ। जसले जनतालाई साथमा लिएर सही बाटो देखाउँछ र गन्तव्यमा पुऱ्याउने साहस र दृष्टि राख्छ—इतिहास अन्ततः उसको पक्षमा उभिन्छ। यसका लागि संसदवाद, जड्सुत्रवाद र सारसंग्रहवादको चङ्गुलबाट आ-आफ्नो पार्टीलाई मुक्त गर्न सक्नुपर्छ। अन्यथा ध्रुवीकरण र एकताले कुनै वैज्ञानिक निष्कर्षमा पुर्याउदैन। यसर्थ गम्भीर बनौँ ! "हात्ती आयो, हात्ती आयो फुस्सा" जस्तो नहोस्। रातोपाटीबाट

कटहरियामा फेरि करार तथा ज्यालादारी कर्मचारी आन्दोलित

नगरपालिकासहित सबै वडा कार्यालयमा दोस्रो पटक तालाबन्दी

रौतहट, १२ कार्तिक। रौतहटको कटहरिया नगरपालिकामा कार्यरत करार तथा ज्यालादारी कर्मचारीहरू पुनः आन्दोलनमा उत्रिएका छन्। लामो समयदेखि तलब र सेवा सुविधा नपाएको भन्दै उनीहरुले बुधबारदेखि नगरपालिका कार्यालयसहित वडा नम्बर १ देखि ९ सम्मका सम्पूर्ण वडा कार्यालयमा दोस्रो पटक तालाबन्दी गरेका हुन्। यसअघि पनि दीपावली र छठ पर्व अगावै कर्मचारीहरूले यस्तै मागसहित तालाबन्दी गरेका थिए। नगरप्रमुख अजय प्रकाश जयसवालले छठ भित्रै सम्पूर्ण तलब भुक्तानी गर्ने आश्वासन दिएपछि आन्दोलन रोकिएको थियो। तर छठ सकिएको दुई साता नबिदै माग कार्यान्वयन नभएपछि करार तथा ज्यालादारीका कर्मचारीहरू पुनः आन्दोलनमा उत्रिएका हुन्।

कर्मचारीहरूले नगरप्रमुख अजय प्रकाश जैसवाल र प्रमुख प्रशासकीय अधिकृत गणेश नेपालीले पटक-पटक लिखित र मौखिक आश्वासन दिएपनि कार्यान्वयन नगरेको आरोप लगाएका छन्। वडा नम्बर ८ का कर्मचारी मुकुन्द यादवका अनुसार सबै वडाका कर्मचारीहरूले सामूहिक रूपमा तालाबन्दी गर्दै कार्यालयका चाबी आ-आफ्नो जिम्मामा राखेका छन्। त्यस्तै वडा नम्बर १ का करार कर्मचारी मुकेश कुशवाहाले माग पूरा नभएसम्म आन्दोलन जारी रहने चेतावनी दिए। नगरप्रमुख जयसवालले केही दिनअघि सामाजिक सञ्जालमार्फत भिडियो सन्देश जारी गर्दै तिहारअघि नै करार कर्मचारीहरूको समस्या समाधान गरिने बताएका थिए।

उनका अनुसार कर्मचारीहरूले आवश्यक कागजात बुझाएपछि तलब वितरण प्रक्रिया अघि बढाइने भनिएको थियो। तर भुक्तानी अझै भएको छैन। योजना शाखा प्रमुख रामनरेश यादवले प्रमुख प्रशासकीय अधिकृत नेपालीसँग फोन संवाद गरेपछि आगामी तीन दिनभित्र सम्पूर्ण प्रक्रिया पूरा गरेर तलब पठाइने बताएका छन्। तर कर्मचारीहरूले भने पटक-पटक यस्तै आश्वासन दिइए पनि कार्यान्वयन नहुँदा अब विश्वास गर्न गाह्रो भएको बताएका छन्।

झुम्का कारागारबाट...

जानकारी दिनुभयो।

झुम्का कारागारमा लागु औषध सम्बन्धी मुद्दामा ५ वर्ष ६ महिनाको कैद सजाय तोकिएको र ९ महिना कैद भुक्तान गरेपछि फरार रहेका खड्कालाई नियन्त्रणमा लिएर हिरासतमा राखिएको उहाँले बताउनुभयो। झुम्का कारागारसँग आवश्यक समन्वय गरी थप प्रक्रिया अगाडि बढाइने इलाका प्रहरी कार्यालय कञ्चनपुरले जनाएको छ।

जेनजी आन्दोलन...

प्रतियोगिताहरूको आयोजना हुनु सकारात्मक कार्य भएको बताउँदै आयोजकको प्रशंसा गरे।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने समूहलाई क्रमशः शिल्ड, मेडल, प्रमाणपत्रसहित नगद पुरस्कार प्रदान गरिने क्लबले जनाएको छ। खेल धनगढीमाई-५ स्थित गोठचोक मैदानमा सञ्चालन हुनेछन्। यस प्रतियोगिताले स्थानीय खेलाडीहरूलाई राष्ट्रियस्तरको क्रिकेटका लागि तयार गर्न र नगरमा खेल संस्कृतिको विकासमा टेवा पुऱ्याउने विश्वास आयोजकले व्यक्त गरेका छन्।

सडक निर्माणको माग गर्दै यातायात अवरुद्ध

देवराम यादव

सप्तरी, १२ कार्तिक। सप्तरीको कठौना-पातो सडकखण्ड अन्तर्गत डाक्नेश्वरी नगरपालिका ५ स्थित अमरलती र ७ वडास्थित मझौरा चोकमा बुधबार सडक निर्माणको माग गर्दै यातायात अवरुद्ध गरिएको छ। अमरलती चोक व्यवस्थापन समितिको अगुवाइमा स्थानीयबासी तथा व्यवसायीद्वारा सडक अवरुद्ध गरेको हो। विगतका वर्षदेखि निर्माण कार्यको लागि सडक खनेर अलपत्र छाडेर सुस्त गतिमा गरिरहेकोले सडक निर्माण कार्य अविलम्ब सक्नुपर्ने दवाव स्वरुप सडक आन्दोलनमा उत्रिएको स्थानीय विजयकुमार चौधरीले बताउनुभयो। उहाँले १ महिना भित्र सडक कालोपत्रे गर्ने प्रतिबद्धता नआएसम्म आन्दोलन जारी राख्ने चेतावनी दिनुभयो।

१५ वर्ष अगाडिदेखि सडक खनेर अलपत्र छोड्दा दुर्घटना बढेको तथा धुलोले स्वास्थ्य समस्या जटिल पारी पर्यावरण दुषित हुँदा समेत निर्माण कम्पनी र सरकारले सडक निर्माणमा चासो नदिएको व्यवस्थापन समितिका अध्यक्ष दिकु यादवले बताउनुभयो। उहाँले निर्माण कम्पनी तथा सडक डिभिजन कार्यालयका प्रतिनिधिलाई पटकपटक ध्यानाकर्षण गराउँदा समेत सुनुवाइ नभएपछि संघर्षमा उत्रिन बाध्य भएको बताउनुभयो। स्थानीयबासीले विहान साढे १० बजे देखि सुरु गरेको आन्दोलनका कारण उक्त सडकबाट चल्ने सम्पूर्ण सवारी साधन ठप्प भएको छ। सडकमा टायर बालेर र डेक्सबेन्च तेर्साएर गरिएको सडक जाम हालसम्म जारी रहेको स्थानीयले बताएका छन्।

कठौना-पातो सडक निर्माण कार्य १५ बर्षभन्दा बढीदेखि हुँदा समेत अझै कालोपत्रेसहितका निर्माण कार्यले पूर्णता पाएको छैन। सडक निर्माणमा ढिलासुस्तीले उक्त सडक भएर आवतजावत गर्ने सवारी साधन र यात्रुहरुले ठूलो सास्ती खेप्नुपरेको छ।

मधेसमा सुरक्षा निकायलाई निर्वाचनको तयारीमा लाग्न गृहमन्त्रीको निर्देशन

प्रदेशका सुरक्षा निकाय प्रमुख र धनुषा, सर्लाही, सिराहा र महोत्तरीका सुरक्षा समितिका पदाधिकारीहरुसँग गृहमन्त्री ओमप्रकाश अर्यालले सरकार तोकिएकै मितिमा निर्वाचन गराउन प्रतिबद्ध रहेको बताए।

सुनिता बराल

महोत्तरी, १२ कार्तिक। मधेस प्रदेशको सुरक्षा संयन्त्रलाई गृहमन्त्री ओमप्रकाश अर्यालले तोकिएकै समयमा निर्वाचन गराउने गरी तयारीमा लाग्न निर्देशन दिएका छन्। मंगलबार महोत्तरीको बर्दिवासस्थित सशस्त्र प्रहरी बल छिन्नामस्त बाहिनीमा भएको जिल्ला र प्रदेशका सुरक्षा समितिका पदाधिकारीहरुको बैठकमा मन्त्री अर्यालले यस्तो निर्देशन दिएका हुन्।

प्रदेशका सुरक्षा निकाय प्रमुख र धनुषा, सर्लाही, सिराहा र महोत्तरीका सुरक्षा समितिका पदाधिकारीहरुसँग मन्त्री अर्यालले सरकार तोकिएकै मितिमा निर्वाचन गराउन प्रतिबद्ध रहेको बताए। सरकार निर्वाचन गराउन प्रतिबद्ध रहेकाले आवश्यक तयारी अघि बढाउन उनले निर्देशन गरेका हुन्।

मधेसका नागरिकले सुशासनको अनुभूति गर्नेगरी सेवा प्रवाह गर्नसमेत सुरक्षा संयन्त्रलाई निर्देशन गरेका छन्। बैठकमा प्रदेशका प्रमुख सचिव, प्रदेश सुरक्षा समितिका प्रमुखहरु, ४ जिल्लाका सुरक्षा समितिका पदाधिकारीहरुको उपस्थिति थियो। उपस्थितले जिल्ला र प्रदेशमा जेन-जी विद्रोह पछिको समसामयिक सुरक्षा अवस्था र चुनौतीबारे जानकारी गराएका थिए।

प्रेम विवाह गरेर किशोरकिशोरी भागेपछि चक्काजाम

काठमाडौं, १२ कार्तिक। प्रेम विवाह गरेर भागेका जोडीलाई तत्काल नियन्त्रणमा लिनुपर्ने मागसहित मंगलबार बिहान हरिवनस्थित पूर्वपश्चिम राजमार्ग अवरुद्ध पारिएको छ। किशोरी पक्षका अभिभावक लगायतले मंगलबार बिहान आधा घण्टा राजमार्गमा चक्काजाम गरेका हुन्। यद्यपि प्रहरीले सम्झाइबुझाइ गरेपछि अवरुद्ध राजमार्ग खुलेको थियो। इलाका प्रहरी कार्यालय हरिवनका अनुसार गत कात्तिक ४ गते हरिवन बजारस्थित अन्तरधार्मिक समुदायका किशोरकिशोरी प्रेम विवाह गरेर भागेका थिए। उनीहरूको खोजीकार्य भइरहेको इलाका प्रहरी कार्यालय हरिवनले जनाएको छ। उनीहरू भारत गएको हुन सक्ने प्रहरीको आशंका छ। किशोरको १९ तथा किशोरीको उमेर १८ वर्ष रहेकाले कानुनअनुसार बालविवाह भएकाले कानुनी कारबाही अगाडि बढाउन किशोरीका आफन्तले माग गरेका छन्। प्रहरीले भागेका जोडीलाई यथाशक्य खोजेर आफन्तको जिम्मा लगाउने बताएको छ।

पैसाको जोहो नहुँदा मार्कसिट निस्केन

सुधा देव

सप्तरी, १२ कार्तिक। सानैदेखि पढाइमा रूचि राख्दै आउनुभएकी जिल्लाको तिरहुत गाउँपालिका –५ लोहजाराकी १८ वर्षिया अनुसाकुमारी सदा ८ हजार रूपियाँ तिर्न नसकेर कक्षा १२ उत्तीर्ण गरेको लाव्धाङ्कपत्र निकाल्न सक्नुभएको छैन। त्यसको अभावमा उहाँको उच्च शिक्षाको बाटो रोकिएको छ। आफ्नो समुदायको छात्राहरूमध्ये १२ उत्तीर्ण गर्ने आफ्नो गाउँको पहिलो उदाहरण बन्न सफल हुनुभएकी उहाँ आर्थिक अभावका कारण उच्च शिक्षाबाट बन्चित हुनुपरेको स्थानीय सगिया सदाले बताउनुभयो।

उहाँले भन्नुभयो, "शैक्षिक रूपमा जिल्लामा सबैभन्दा पछाडि परेको हाम्रो समुदाय अझै पनि शिक्षालाई प्राथमिकतामा राख्न सकेको अवस्था छैन्। त्यसैले हाम्रो समुदायमा पढेलेखेका व्यक्ति बिरलै पाउने हुनाले उहाँ १२ पास गरेर आफ्नो गाउँको लागि उदाहरण बन्न सफल हुनुभएको हो। उहाँ घरको काम र आवश्यकता परेका बेला अर्काको घरमा काम गरेर नियमित रूपमा १२ कक्षा उत्तीर्ण गर्नुभयो। मजदुरी गरेर परिवार पाल्दैआएको बाबुलाई ८ महिनाअघि ब्लड क्यान्सर भएर थला पर्नु भएपछि दुई जना भाइसहित आमाबाबुलाई दुई छाक हातमुख जोर्न समेत समस्या हुन थालेपछि श्री ठाकुरजी माध्यमिक बिद्यालय बकदुवा जण्डौलमाबाट कक्षा १२ उत्तीर्ण गरे पनि अहिलेसम्म व्याचलरमा उहाँ भर्ना हुनु भएको छैन।

उहाँले भन्नुभयो, "सम्पत्तिको नाममा केही छैन्। बुबा रोगले ग्रस्त हुनुभएपछि दुई छाक टार्न र बुबाको उपचार गर्ने खर्च छैन। परीक्षा दिने बेलामा पनि क्याम्पसमा पैसा तिर्न बाँकी थियो। बुबा बिरामी हुनुहुन्छ भन्ने थाहा पाएर परीक्षा दिनका लागि क्याम्पसले अनुमति दिए पनि परीक्षा दिएर उत्तीर्ण भएको प्रमाणपत्र निकाल्ने रूपियाँ छैन।"

राजु पाण्डेको निलम्बन यथावत्

काठमाडौं, १२ कार्तिक। काठमाडौं महानगरपालिकाका नगर प्रहरी प्रमुख राजु पाण्डेको निलम्बन यथावत् रहने भएको छ। बुधबार न्यायाधीशहरू डालकुमार खड्का र दिपक खनालको इजलासले पाण्डेले आफ्नो निलम्बनविरूद्ध हालेको रिट निवेदन खारेज गरेसँगै पाण्डेको निलम्बन यथावत् रहेको हो। पाण्डेलाई जेठ २० गते कार्यकारी गुरागाईंले निलम्बन गरेका थिए। काठमाडौं भ्यू टावर नक्सा पास विवादमा मेयर बालेनले गुरागाईंमाथि अनियमितताको आरोप लगाएका थिए। पछि कार्यकारी गुरागाईं कार्यकक्षमा प्रवेश गर्न खोज्दा पाण्डेले उनलाई कार्यकक्षमा प्रवेश गर्न दिएका थिएनन्। तर उपमेयर सुनिता डंगोल र वडाध्यक्षहरूले उनलाई कार्यकक्षमा प्रवेश गराएका थिए।

कानुनमा नगर प्रहरी प्रमुखले कार्यकारीको आदेश पालना गर्ने उल्लेख छ। तर उनले कानुनविपरित गएर कार्यकारीलाई नै मेयरको आदेश भन्दै कार्यकारीलाई नै आफ्नो कार्यकक्ष प्रवेशमा रोक लगाएका थिए। पछि गुरागाईंले पदीय आचरण विपरीत काम गरेको भन्दै नगर प्रहरी प्रमुख राजु पाण्डेलाई छ महिनाका लागि निलम्बन गरेका थिए। पाण्डेले निलम्बनविरूद्ध प्रशासकीय अधिकृत सरोज गुरागाई, कार्यवाहक प्रहरी बल प्रमुख बिष्णु जोशी लगायतलाई विपक्षी बनाएर निवेदन दिएका थिए।

वीरगञ्ज नाका हुँदै दुई खर्ब १८ अर्बको आयात, २६ अर्ब ५९ करोडको निर्यात

वीरगञ्ज, १२ कार्तिक। वीरगञ्ज नाका हुँदै चालु आर्थिक वर्षको तीन महिनाको अवधिमा दुई खर्ब १८ अर्ब १० करोड मूल्य बराबरका वस्तु तथा सामान आयात भएका छन्। गत आर्थिक वर्षको पछिल्लो तीन महिनाको तुलनामा चालु आवको असोजसम्म ३४ अर्ब २३ करोड बढी मूल्यका सामान वीरगञ्ज भन्सारबाट भित्रिएका छन्।

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीले चालु आवको तीन महिनामा वीरगञ्ज नाका हुँदै भित्रिने वस्तु तथा सामानको आयात बढेको जानकारी दिनुभयो। "वीरगञ्ज नाका हुँदै पछिल्लो तीन महिनामा दुई खर्ब १८ अर्ब १० करोड मूल्यको सामान भित्रिँदा ५८ अर्ब २३ करोड राजस्व सङ्कलन भएको छ।" जबकि गत आवको तीन महिनाको सोही अवधिमा एक खर्ब ८३ अर्ब ८७ करोड बराबरको वस्तु तथा सामान आयात भएको थियो।

चालु आवको तीन महिनामा यो नाका हुँदै आयातमात्रै नभएर निर्याततर्फ पनि उल्लेखनीय वृद्धि भएको भन्सार कार्यालयले जनाएको छ। वीरगञ्जनाका हुँदै चालु आवको तीन महिनामा २६ अर्ब ५८ करोड मूल्य बराबरका वस्तु तथा सामान निर्यात भएका छन्। जबकि गत आवको तीन महिनाको सोही अवधिमा आठ अर्ब ८४ करोड मूल्यबराबरका वस्तु तथा सामान विदेशी मुलुक निर्यात भएको थियो। रकमका आधारमा गत आवको तीन महिनाको तुलनामा चालु आवको सोही अवधिमा भने १७ अर्ब ७५ करोड बढीले निर्यात भएको हो।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)